# तपाईको सेवाकाई पुरा गर्नको लागि आवश्यक तत्वहरु/ तपाईको गन्तब्य
By Franklin

प्रस्थान ३३:१२ *अनि मोशाले परमप्रभुलाई भने, "तपाईंले मलाई 'यी मानिसहरूलाई लिएर जा' भन्नुहुन्छ, तर मसित को-को पठाउनुहुन्छ तपाईंले मलाई थाहा दिनुभएको छैन। तपाईंले भन्नुभएको छ, 'म त तँलाई तेरो नाउँले नै चिन्छु: र तँमाथि मेरो निगाह भएको छ'।* **NASU**

## *१. "तपाईले मलाई भन्नुभयो, यो प्रजालाई माथि ल्याउ"*

- उहाँको सेवक हुन मोशालाई पनि बोलाउनुभएको थियो।
- येशू ख्रीष्टको सेवकलाई झैं तपाईलाई पनि बोलाइएको थियो।

रोमी १:६ तिमीहरू पनि तिनीहरूसँगसँगै येशू ख्रीष्टका हुन **बोलाइएका** छौ।

१ पत्रुस २:९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका **आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक**।

**आश्चरर्यपूर्ण कार्यहरुको घोषणा**

- फारोको अगाडी जसरी मोशाले गरेको थियो, लाल समुद्रमा, अनि मरभुमिमा - चिन्ह र आश्चर्यहरु (प्रस्थान ७:३; प्रेरित २:२२; २:४३; ४:३०; ६:८; १४:३; रोमी १५:१९; १ कोरन्थी २:४)

२ कोरन्थी ५:१७-१९ *यो सब परमेश्वसरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याएउनुभयो, र*

***हामीलाई** मिलापको **सेवा दिनुभयो**, (१९) अर्थात् स्वसयम् ख्रीष्टगमा हुनुभएर परमेश्वेरले संसारलाई आफूसँग मिलापमा ल्योउँदैहुनुहुन्योस्वई। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देएश उहाँले हामीलाई सुम्पिूदिनुभएको छ।*
NASU

रोमी ८:३० *जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले **बोलाउनु** पनि **भयो**, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो।*

एफिसी ४:१ *यसकारण, म प्रभुको निम्तिम एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू **बोलाइएका** छौ त्यकही योग्यिको जीवन यापन गर।*
एफिसी ४:४ *शरीर एउटै छ, र पवित्र आत्माी एउटै हुनुहुन्छय-जसरी तिमीहरू बोलाइँदा एउटै आशामा **बोलाइएका थियौ***

## *२. "तपाईले मलाई थाहा दिनु भएन कि कसलाई मसंग पठाउने हो।"*

त्यसैले कहिलेकहि, जब परमेश्वरले तपाईलाई केहि काम गर्न सोध्नु हुन्छ, उहाँले तपाईलाई "कसरी गर्ने भन्ने" सबै कुराको विवरण दिनुहुन्न। र विवरण त्यतिबेला मात्र आउछ जब आज्ञाकारितामा तपाई हिड्न सुरु गर्नु हुन्छ।

## *३. "तपाईले भन्नु भयो, तिम्रो नामबाट मैले चिनेको छु"*

**उहाँलाई तपाईको नाम थाहा छस्**

यशैया ४३:१ तर अब हे याकूब, तिमीलाई रच्नुहुने, हे इस्राएल, तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छ; "नडरा, किनकि मैले तँलाई मोल तिरेर छुटाएको

छु। मैले तँलाई तेरो नाउँ काढ़ेर बोलाएको छु, तँ मेरै होस्।   KJV

लूका १०:२० ... स्वर्गमा तपाईको नामहरु लेखिएको छ भनेर खुशी हुनुहोस्।

प्रकाश २१:२७  तर थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक ।

- तपाईको स्वर्गीय पिताले तपाईको नाम जान्नुहुन्छ र रेकड गरेर राख्नु भएको छ।
- पृथ्बीको पिताले जब तपाई जन्मनु हुदा नाम राख्नु भएर जन्म दर्तामा यो रेर्कट भए झैं।

***४. "अनि तिमीले पनि मेरो दृष्टीमा कृपा पाएका छौं "***

**कृपा**: पुरानो करार - स्ट्रोङ #२५८० KJV -  कृपा, अनुग्रह, आनन्द, अमुल्य, [राम्रो-]कृपा KJV  भन्छ "अनुग्रह"

उत्पति ६:८  ***नोआले*** *परमप्रभुको दृष्टीमा* ***निगाह*** *प्राप्त गरे ।*

उत्पति १८:३  ***अब्राहामले*** *भने, "हे मेरा प्रभु, ममाथि तपाईंको* ***निगाह*** *हुन्छ भने कृपा गरी आफ्नो  दासकहाँबाट त्यसै नजानुहोस्।*  KJV

**हामी सबैले आशिष पाईसक्यौ :**

यूहन्ना १:१६  *उहाँका अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौं।* NASU

- न. क. ग्रीक (कारीस) पनि भन्छ: कृपा; आनन्द
- उहाँले हामीलाई गर्नु भन्नुभएको गर्नको लागि यो पनि शक्ति अथवा क्षमता हो:

- २ कोरन्थी १२:९  *तर मलाई उहाँले भन्नुभयो, "मेरो अनुग्रह तेरो निम्तिह पर्याप्तन छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ।"*

- तर, यसले विश्वासको पाईलाहरु लिन्छन्, उहाँको अनुग्रहको शक्त्तिको अनुभव गर्न।

- १ कोरन्थी १५:१० *तर म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु, र ममाथि भएको उहाँको अनुग्रह व्येर्थ भएन। बरु मैले त तिनीहरू सबैले भन्दा, बढ़ी परिश्रम गरें। तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो।*

प्रस्थान ३३:१३ *यदि तपाईंको निगाह ममाथि भएको छ भने,* ***अब मलाई तपाईंको मार्ग देखाउनुहोस्,*** *र* ***म तपाईंलाई चिन्ना सकूँ*** *र* ***तपाईंको द्दष्टि मा निगाह पाइरहन सकूँ।*** *यो जाति तपाईंकै हो भनी सम्झ नुहोस्।"* NASU

१. ***मलाई तपाईको मार्ग थाहा दिनुहोस्*** शाब्दिक रुपमा: मलाई तपाईको मार्ग देखाउनुहोस्

- "देखाउ" - शब्द त्यो भन्नाले: थाहा गर्न, देखाईबाट निश्चित हुनु
- "मार्गहरु" - भत्कीएको बाटो , आकृतीबाट, जीवनको शैली अथवा कामको ढाचामा

**मोशाले परमेश्वरको मार्गहरु**लाई अरु मनिसले भन्दा धेरै **देखेका** र **अनुभव गरेका थिए।**

उसको यी आमने सामना पछिस् जलीरहेको पोथ्रा / फारोको अघि / बिपत्ति / लाल समुद्रको बिभाजन / मन्ना / बट्टाई / चट्टानबाट पानी / र अनि बिजुली चम्काइमा - धुवा र आगो, अनि सिनै पर्वतमा भुकम्प र र परमेश्वर बोल्लुभयो अनि दश आज्ञाहरु दिनुभयो: **मोशाले महसुस गर्यो:**

*"किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र **तिमीहरूका चाल मेरा चाल** होइनन्," परमप्रभु भन्नुहुन्छ। जसरी आकाश पृथ्वीाभन्दाय अल्गोप छ, त्यमसरी नै मेरा चाल तिमीहरूका चालभन्दाा र मेरा विचार तिमीहरूका विचारभन्दाद अल्गाज छन्।* यशैया ५५:८-९ KJV

र, त्यो सबै अनुभव गरेपछि, अझै मोशा धेरै रुन्छन् **किनभने** ....

मोशाको आखिरी इच्छा भनेको **परमेस्वरको मार्ग मात्र जान्नु थिएन**, त्यो मात्र उसको लक्ष्य अथवा उदेश्य थिएन, तर:

## *२. "ताकि मैले तपाईलाई जान्न सकु"*

- **पिता परमेश्वरसंग आत्मिय सम्बन्धको** लागि मोशाको भित्री इच्छा थिए।

- ऊ "परमेश्वरको मार्गहरु" थाहा गरेर मात्र सन्तुष्ट थिएन। मोशा **परमेश्वरलाई जान्न चाहन्थ्यो !**

- धेरै विश्वासीहरु, केहि हदसम्म, परमेश्वरको मार्गहरु थाहा गर्न चाहन्छन् - उहाँको दया, उहाँको न्यायहरु, उहाँको चंगाई, उहाँको वरदानहरु, उहाँको आशिषहरु ....

- तर हामी मध्य कति जना सच्चै नै- हाम्रो प्रर्थनाहरुबाट अनि जीवनको मार्गबाट प्रदशन गरिएको झैं - उहाँलाई जान्न चाहन्छौ ? के हामीहरु कठोर रुपले घनिष्ट सम्बन्धलाई खोज्दैछौं ?

- तपाईले साच्चिकै कसैलाई कुनै दर्जासम्म मात्र जान्नुहुन्छ - तपाईलाई तिनीहरुको मार्गहरु थाहा हुन्छ !उदाहरण: विवाह

त्यसैले, परमेश्वरलाई अझै राम्रो गरि जान्न - धेरै नजीकबाट - **उहाँको मार्गलाई थाहा गर्नबाट शुरुवात हुन्छ**, जुन उहाँको लेखिएको वचनमा र बोलिएको शब्द (प्रार्थना)मा गुणस्तरीय समय बिताएर सिक्न सकिन्छ ।

मोशासंग अझै अरु लक्ष्य मनमा थियो :

*३.* *ताकि* ***उहाँको नजरमा मैले निगाह (अथवा अनुग्रह) प्राप्त गर्न सकु***

हामीले कसरी यसलाई बुझ्न सक्छौ ? परमेश्वरले उहाँको नजरमा अघिनै अनुग्रह पाईसकेका छौं भनेर भन्नुभयो अनि मोशाले यसलाई स्वीकारे ।

मोशाले "परमेश्वरको मार्गहरुलाई" जान्न चाहान्थे / ताकि उसले आफै परमेश्वरको बारेमा नजिकबाट जान्न सकोस् / ताकि उसले उहाँको अगी आनन्दसाथ हिड्न **अझ धेरै अनुग्रह** प्राप्त गर्न सकोस् ।

यी सबै नै मोशाको भित्री ईच्छाहरु र उत्प्रेरणा हो ।
अनि
यी सबै नै हाम्रो भित्री ईच्छाहरु र उत्प्रेरणा हुनुपर्छ ।

**यो नै हामी सबैको लागि पावलको इच्छा हो :**

कलस्सी १:९-१० *यसैकारण हामीले त्यो सुनेको दिनदेखि* ***उहाँको इच्छाको ज्ञानले*** *सारा आत्मिक बुद्धि र समझमा तिमीहरू पूर्ण होओ भनेर बिन्ती गर्दै तिमीहरूका निम्ति प्रार्थना गर्न छोड़ेका छैनौं,* ***र उहाँलाई पूर्ण रूपले प्रसन्न***

*पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक।* NASU

१ थेसलोनिकी २:१२ *यस हेतुले कि तिमीहरूको **चालचलन** परमेश्वरको योग्य होस्, जसले तिमीहरूलाई उहाँको आफ्नै राज्य र महिमामा बोलाउनुहुन्छ।*

१ थिसलोनिकी ४:१ *अन्त्यमा भाइहरू- प्रभु येशूमा हामी तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्छौं र अर्ती दिन्छौं, कि तिमीहरूले कसरी **जिउनु र परमेश्वरलाई प्रसन्न** तुल्याउनुपर्छ भन्ने तिमीहरूले हामीबाट सिक्यौ र त्यसो गर्दै पनि छौ, त्यसैमा तिमीहरू झन् **बढ्दैजाओ।***

**हामीले मोशाले झैं प्रार्थना गर्नुपर्छ :**
**जबदेखी** मैले तपाईको नजरमा **अनुग्रह** (कृपा) पाएकोछु,

- **तपाईको मार्ग मलाई देखाउनुहोस्** - तपाईको मार्ग मलाई थाहा दिनुहोस्
- **ताकि मैले तपाइलाई जान्न सकु**
- **ताकि** मैले तपाइको नजरमा **अनुग्रह**(धैरै **कृपा**) प्राप्त गर्न सकु ।

अनि येशू बुद्धिमा, कदमा र परमेश्वार र मानिसहरूको **अनुग्रह** (कृपा)मा बढ्दै (परिपक्वता) जानुभयो । लूका २:५२

- यदि येशू यस प्रकारले बढ्नु भयो भने - **कति मात्रामा हामी बढ्नु पर्छ त ।**

- स्वर्गदूतले मरियमलाई भन्नुभयो "*तिमीले परमेश्वरबाट **निगाह** पाइकि छौ*" (लूका १:३०)
  -> किनभने उसको पवित्रता र इश्वरीय जीवनको कारण <-

- *१ पत्रुस २:१९-२० यसले निगाह (कारीसः वा **आनन्द**) प्राप्त गर्नेछौं यदि **परमेश्वरलाई सम्झेर** कुनै मानिसले(जसरी ख्रीष्टले गर्नुभयो) अन्यायपूर्ण **कष्ट सहन्छ** भने त्यो परमेश्वरमा प्रशंसनीय छ। (२०) किनभने तिमीहरूले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सह्यौ भने यसमा ठूलो कुरो के छ र? तर **तिमीहरूले असल गरेर** पनि दु:ख भोग्नुपर्दा धैर्यसँग सहन्छौ (जसरी ख्रीष्टले गर्नुभयो) भने **यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ**,।*
    - जब हामी आफ्नो जीवन  येशूले जीवन जिउनु भए जसरी जिउछौ हामीले कृपा अथवा परमेश्वरबाट अनुग्रह पाएका हुन्छौं  - "कडा रुपले व्यबहार गरिएको अनि यसलाई सहन्छौं । "

    - अय्यूब एउटा राम्रो उदाहरण हो (अय्युब १ः१२२)
      अय्यूब १३:१५ उहाँले मलाई मार्नुभए तापनि म उहाँमाथि आफ्नो् आशा राख्ने छु।

    - हिब्रु ११मा भएका सबै बिश्वासको नायकहरुको उदाहरण
      पदः३९ *"तिनीहरू सबैले आफ्ना विश्वासको निम्ति **ठूलो प्रशंसा पाए**, तर प्रतिज्ञा गरिएका कुराचाहिँ पाएनन्।"* तिरस्कृत भएता पनि र ठुलो दुःख भोगे तापनि।

    - *विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि **परमेश्वरलाई तिनले प्रसन्न पारे**का कुराको पुष्टि भएको थियो।*  हिब्रु ११:५

- १ पत्रुस २:२१-२५  *किनकि **यसैको निम्ति तिमीहरू** बोलाइएका हौ। **ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो**, अनि तिमीहरूका लागि एउटा **उदाहरण** छोडिजानुभयो, र **तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ**। (२२)  "उहाँले कुनै **पाप***

***गर्नुभएन***, *र उहाँको मुखमा कुनै* ***छल****को कुरा पाइएन।" (२३) तिनीहरूले उहाँलाई अपमान गर्दा* ***उहाँले साटो फेर्नुभएन****। दुःख भोग्नुहुँदा उहाँले* ***धम्की दिनुभएन****। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। (२४) हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी* ***उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो****। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। (२५) किनभने तिमीहरू भेड़ाहरूझैँ बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।*

- पावलको शरिरमा भएको काढां र कष्टको प्रतिउत्तरमा परमेश्वरले भन्नुभएको:

*"मेरो* ***अनुग्रह*** *(कारीस वा* ***कृपा****) तेरो निम्त् पर्याप्त छ, किनभने मेरो* ***शक्ति*** *दुर्बलतामा नै सिद्ध हुन्छँ।" यसकारण ख्रीष्टको शक्ति ममा वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु।* २ कोरन्थी १२:९

  - अनुग्रह अथवा परमेश्वरको कृपासंग आउछ, अथवा हामीलाई उहाँको **शक्त्ति** दिन्छ - येशूको अलौकिक जीवन जिउन।

- **दिने जीवन जिउन** प्रतिउत्तरमा परमेश्वरले भन्नुहुन्छ :

*"किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ। परमेश्वरले तिमीहरूलाई* ***हरेक आशिष्*** *प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैँ नै हरेक कुरा* ***प्रशस्त*** *होस्, र* ***हरेक असल कामको निम्ति*** *तिमीहरूले प्रशस्त मात्रामा दिन सक।"* २ कोरन्थी ९:७-८

  - परमेश्वर खुशीसाथ दिनेलाई प्रेम गर्नुहुन्छ कि उहाँले तपाईलाई **कृपा** र **अनुग्रह** दिनुहुनेछ त्यसैले तपाइलाई असल कार्यको लागि

आवश्यक पर्ने सबै प्रप्त गरुन्। उहाँको कार्य गर्न तपाइलाई शक्ति दिइएको छ।

- ❖ त्यसैले, हामी देख्न सक्छौ कि हामी पनि परमेश्वरको कृपामा उहाँको मार्गहरु थाहा गर्दै / त्यसलाई अपनाउदै बढ्न सक्छौ - आज्ञापालन गर्दै ।

- o *उत्पति ६:८ नुआले **कृपा** पाए। (अनुग्रह - KJV) परमेश्वरको दृष्टीमा।*

- o *प्रेरित ७:४६ परमेश्वरको नजरमा दाउदले **कृपा** पाए।*

- ▪ भजनसंग्रह २७:११ ***मलाई तपाइको मार्ग सिकाउनुहोस्***, हे परमेश्वर
- ▪ दाउदलाई **उहाँको मार्ग** प्राथनाद्धारा उहाँको वचनबाट **थाहा थियो**।

**यो प्रश्न छ:**

- o गलाती १:१० *के म मानिसहरूको **निगाह** खोज्दैछु, कि परमेश्वरको ? अथवा के **मैले** मानिसहरूलाई **खुशी पार्न खोज्दैछु?** यदि मैले अझै मानिसहरूलाई खुशी पार्न कोसिस गरेको भए म ख्रीष्टको दास हुनेथिइनँ।*

  - ▪ यो एकदम गम्भीर प्रश्न हो जुन हामीले इमान्दारीताका साथ उत्तर दिन राम्रो हुन्छ। म कसलाई खुशी पर्न कोसिस गर्दैछु ?

- o १ थिसलोनिकी ४:१ *अन्त्यमा भाइहरू- प्रभु येशूमा हामी तिमीहरूलाई आग्रहपूर्वक **बिन्ती** गर्छौं **र अर्ती दिन्छौं**, कि तिमीहरूले **कसरी***

***जिउनु र परमेश्वरलाई प्रसन्न तुल्याउनुपर्छ*** *भन्ने तिमीहरूले हामीबाट सिक्यौ (परमेश्वरको "मार्गहरु"द्वारा) र त्यसो गर्दै पनि छौ, त्यसैमा* ***तिमीहरू झन् बढ्दैजाओ।***

- जसरी तपाई परमेश्वरको वचन र प्रार्थनामा उहाँसित समय बिताउनु हुन्छ **उहाँको मार्ग तपाई सिक्नु हुनेछ**।
- जति धेरै तपाई उहाँको मार्गमा हिड्नुहुन्छ, त्यति धेरै उहाँलाई खुशी पार्नुहुन्छ, त्यतिनै **धेरै अनुग्रह** अनि **कृपा उहाँले तपाइलाई दिनुहुन्छ**।

मोशाको बिन्तीको प्रतिउत्तरमा "परमेस्वरलाई जान्नको लागि उहाँको मार्ग थाहा गर्न" पिता परमेश्वरको तत्काल प्रतिउत्तर यस्तो थियो :

**प्रस्थान ३३:१४**

१. ***"मेरो उपस्थिति*** *तँसँग जानेछ, र म तँलाई विश्राम दिनेछु।"* प्रस्थान ३३:१४
   - मोशासंग "परमेश्वर वचन" थियो, र उनी प्रार्थनाको योद्धा थिए।
   - र **अब** मोशासंग परमेश्वर स्वय उसंग हिड्दै हुनुहुन्थ्यो, उसंगै कुरा गर्नुहुन्थ्यो अनि उसलाई हरेक परिस्थितिमा परमेश्वरको बचनमा कसरी जिउनु पर्छ भनि देखाउनु भयो कि "उहाँको मार्गहरु थाहा गर्न"।

अनि परमेश्वरको प्रतिज्ञा **तपाइ**संग पनि छ :

***"मेरो उपस्थिति तँसँग*** *जानेछ, र म तँलाई विश्राम दिनेछु।"*

तपाईलाई हरेक परिस्थितिमा परमेश्वरको बचनमा कसरी जिउनु पर्छ भनि देखाउन कि "उहाँको मार्गहरु थाहा गर्न"।

- मत्ती २८:२० *हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।"*

- यूहन्ना १४:१६ *र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ।* NASU

- हिब्रु १३:५ *उहाँले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।"* NIV

**प्रस्थान ३३:१५**

१. ***तब मोशाले उहाँलाई भने, "यदि तपाईंको उपस्थिति हामीसित गएन भने हामीलाई यहाँबाट उता नलानुहोस्।*** प्रस्थान ३३:१4

- हामीसंग पनि यस्तै व्यवहार हुनुपर्छ हामीसंग उहाँको उपस्थिति छ भनि थाहा हुनुपर्दछ, , र हामीसंग भएको उहाँको उपस्थितिमा निर्भर रहन।

  - हितोपदेश ३:५-६ *आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर्* ***आफ्ना सारा मार्गमा उहाँलाई सम्झी*** *(उहाँको उपस्थीति), र उहाँले तेरा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ। NASU*

**प्रस्थान ३३:१६** ***तपाई हामीसितै नगएसम्म*** *म र तपाईंका यी मानिसहरूले तपाईंको* ***निगाह*** *पाएका छौं भनेर हामीले कसरी जान्ने? अरू के कुराले म र तपाईंका मानिसहरू पृथ्वीका सारा मानिसहरूदेखि* ***भिन्नै*** *हुन्छौं?"*

उहाँको उपस्थितिले हामीलाई अरु सबै मनिसबाट छुट्टाउछ।

**हामीले आफुलाई सोध्नै पर्छ :**

- के म सबै मनिस भन्दा अलग छु ?
- के अरुले देख्छ र थाहा गर्छ कि उहाँको उपस्थितिले मलाई अलग पार्छ ?
- हामीले येशूले झैं भन्न सक्नु पर्छस्

तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु .... यूहन्ना १७:६

- **यदि** तपाइको **हृदयको इच्छा** यो हो भने, जसरी मोशासंग थियो, पिता परमेश्‍वर भन्नुहुन्छ:

**प्रस्थान ३३:१७** *तब परमप्रभुले मोशालाई भन्नुभयो, "तैंले भनेकै कुरा म गर्नेछु, किनकि **तैंले** मेरो दृष्टिमा **निगाह** पाएको छस्, र मैले तँलाई नाउँले नै चिनेको छु।"*

**उसंग परमेश्‍वर कृपा छ** भनि थाहा गर्न शुरु गरे पछि . . . मोशाले निडरताका साथ सोध्योः

**प्रस्थान ३३:१८** तिनले भने, **"**अब **मलाई तपाईंको महिमा देखाउनुहोस्।**"

- ❖ उसको प्रभुलाई 'जान्ने' भोको अनि ईच्छाले परमेश्‍वरलाई धेरै खुशी पार्यो, अनि परमेश्‍वरले जवाफ दिनुभयो :

**प्रस्थान ३३:१९-२०** *"म तेरै सामुन्ने मेरो सारा श्रेष्ठता देखाउनेछु, र तेरै सामुन्ने 'परमप्रभु' नाउँको घोषणा गर्नेछु **[प्रकाश]**। जसलाई म अनुग्रह गर्न चाहन्छु त्यसलाई म अनुग्रह गर्नेछु। जसलाई म कृपा देखाउन चाहन्छु, त्यसलाई म कृपा देखाउनेछु।" अनि उहाँले भन्नुभयो, "तर तैंले मेरो अनुहार हेर्न सक्दैनस्, किनकि मेरो अनुहार हेरेर मानिस जीवितै रहन सक्दैन।"*

**प्रस्थान ३३:२१-२३** *तब परमप्रभुले भन्नुभयो, **"मेरो छेउमा एउटा ठाउँ छ, जहाँ तँ एउटा चट्टानमा** खड़ा हो। (२२) **मेरो महिमा** त्यहाँबाट भएर जाँदा तँलाई म त्यस **चट्टानको धाँदोमा** राख्नेछु, र म त्यहाँबाट भएर नजाउन्जेल तँलाई मेरै हातले छोपिराख्नेछु। (२३) त्यसपछि म मेरो हात उठाउनेछु, र तैंले मेरो पछिको भाग देख्नेछस्, तर मेरो अनुहारचाहिँ देखिनेछैन।"*

- ***" त्यहा मेरो लागि ठाउँ छ "*** बिशेष ठाउँ।
- *"चट्टान माथि"- मेरो मुक्तिको चट्टान। २* शमूएल २२:४७; भजनसंग्रह ८९:२६

- “परमेश्वरको हृदय” भएको मनिस भएर पनि दाउदले “गोप्य ठाउको” बारेमा भनेका छन्

भजनसंग्रह २७:५ *किनकि सङ्कष्टको दिनमा उहाँले मलाई उहाँको* ***वासस्थानमा सुरक्षित*** *राख्नुहुनेछ, आफ्नो पवित्र वासस्थानमा उहाँले मलाई लुकाइदिनुहुनेछ, अनि एउटा चट्टानमाथि उच्च राख्नुहुनेछ।*

भजनसंग्रह २७:४ ***एउटै कुरा*** *म परमप्रभुसँग* ***माग्दछु****, मैले खोजेको यही हो, कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ, र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ।* NKJV

भजनसंग्रह २७:७-९ *हे परमप्रभु, जब म उच्च सोरले कराउँछु, तब सुन्नुहोस्, ममाथि कृपालु हुनुहोस्, र मलाई जवाफ दिनुहोस्। मेरो हृदयले तपाईंको विषयमा भन्दछ,*
***“उहाँको मुहारको खोजी गर्।” हे परमप्रभु, तपाईंका मुहारको खोजी म गर्नेछु।*** *तपाईंको मुहार मबाट नलुकाउनुहोस्, क्रोधमा तपाईंको दासलाई नहटाउनुहोस्। तपाईं मेरा सहायक हुनुभएको छ। मलाई इन्कार नगर्नुहोस्, मलाई नत्याग्नुहोस्, हे मेरा उद्धारकर्ता परमेश्वर!*

भजनसंग्रह ३१:२० तपाईंका उपस्थितिको **सुरक्षित ठाउँमा** तिनीहरूलाई मानिसका षड्यन्त्रबाट तपाईंले लुकाउनुहुन्छ। तपाईंले तिनीहरूलाई दोष लगाउने जिब्राहरूबाट आफ्नो वासस्थानमा सुरक्षित राख्नुहुन्छ।

श्रेष्ठगीत २:१४ **पहरामा गोप्य** प्वालहरू हुँदो, **भिरालो चट्टानमा** बस्ने मेरी ढुकुर, मलाई तिम्रो अनुहार देखाऊ, तिम्रो सोर सुन्न पाऊँ, किनभने तिम्रो सोर मीठो छ र तिम्रो मुहार सुन्दर छ।

- ❖ गोप्य ठाउँ भनेको बिशेष ठाउँ जहाँ परमेश्वरसंगको नजिकता र सहभागिता हुन्छ।यो ठाउँ त्यस्ताहरुको लागि मात्र हो जो परमेश्वरको महिमाको चाहना गर्छन।
- ❖ मोशाको हृदयमा भएको जल्दो **इच्छा**, **उहाँको महिमालाई हर्न,** चाहिँ त्यहि इच्छा हो जो येशूले हामीले उहाँको महिमा हेरोस् भनि राख्नुहुन्छ।

यूहन्ना १७:२४ *"पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र **मेरो महिमा देखून्**, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो।*

- ❖ यो इच्छाले हामीलाई भस्म पार्ने तहसम्म -> **हामी** उहाँको महिमालाई हेर्छौं:

२ कोरन्थी ३:१८ *हामी सबै घुम्टो हटाइएको मुहारले **प्रभुको महिमा** प्रतिबिम्बित गर्दछौं, अनि **एउटा महिमादेखि** अर्को **महिमा**तिर उक्लँदै उहाँको रूपमा **बद्लिँदैजान्छौं**। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।*

- o ऐना - सृष्टिले उहाँको प्रतिबिम्बित गर्छ जसरी उहाँको मानिसले र उहाँको वचनले गदर्छ।
- ❖ जसरी हामीले परमेश्वरलाई यस प्रकारको चाहनाले खोज्छौ - यसले हामीलाई उहाँको स्वरुपमा परिवर्तन गराउदछ . . . महिमादेखी महिमासम्म :

  - ▪ उस्तै उदेश्यको लागि उहाँको पुत्र झैं:

"हे पिता, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, र **पुत्रले तपाईंको महिमा प्रकट गरोस्।** यूहन्ना १७:१

- o यस पृथ्वीमा यहि नै हाम्रो उद्धेश्य हो । जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। यूहन्ना १७:१८
- o हामीसंग येशूसंग भए झैं उस्तै मिशन छ:

**"त्यो पुत्रले पिताको महिमा गरोस्"**

- **र त्यसपछि यसलाई हामीले येशूसंग भन्न सक्छौ :**

जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई **पृथ्वीमा मैले महिमित तुल्याएको छु।** यूहन्ना १७:४

अनि:

. . . . **मैले प्रकट गरिदिएको छु।** यूहन्ना १७:६

येशूले उहाँको पिताको नामलाई चिनाउनु भयो:

यूहन्ना १७:६ "संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई **तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु।** तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन्।

यूहन्ना १७:२६ **मैले तपाईंको नाउँ** यिनीहरूमा **प्रकट गरें,** अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ।"

प्रश्न यो छ : के तपाईसंग परमेश्वरको महिमालाई घोषणा गर्ने र हेर्ने चाहाना छ ?

यसको आवश्यकताहरु: भजनसंग्रह ६३:१ *हे परमेश्वर, तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंलाई* ***दिलोज्यानले*** *(शाब्दिक अर्थमा विहानको झिस्मिसेमा) खोज्छु। पानी नभएको ओबानो र बाँझो जमिनमा मेरो प्राण तपाईंको निम्ति तिर्खाउँछ, मेरो शरीर तपाईंकै निम्ति मरिमेट्दछ।* NIV

श्रेष्ठगीत ७:१२ आऔ हामी सबेरै उठौ . . .